म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २७८ २०८१ भदौ १५ गते शनिबार 31 August 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-




## हेटौँडा अस्पतालमा विस्तारित सेवा सञ्चालन हुँदै



विस्तारित सेवाबारे जानकारी गराउँदै हेटौँडा अस्पतालका अधिकारीहरु ।

समाज संवाददाता

हेटौँडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौँडा अस्पतालमा विस्तारित बहिरंग सेवा (इएमएस) सञ्चालन हुँदैछ । हेटौँडा अस्पतालले सेवामा सुधार ल्याउन थप सेवाको रुपमा विस्तारित बहिरंग सेवा आइतबारदेखि सञ्चालनमा ल्याउने भएको हो ।

शुक्रबार अस्पतालले पत्रकार सम्मेलन गर्दै विस्तारित सेवाको बारेमा जानकारी गराएको छ । अस्पतालले विस्तारित बहिरंग सेवा दिउँसो ४ बजेदेखि बेलुकाको ६ बजेसम्म सञ्चालन गर्नेछ । हेटौँडा अस्पतालले विस्तारित सेवाबाट जनरल मेडिसिन, स्त्री तथा प्रसुती, बालरोग, नशा तथा हाडजोर्नी, जनरल सर्जरी, मानसिक रोग र भिडियो एक्सरेको ओपिडि सेवा प्रदान गर्ने अस्पतालका निर्देशक धिरेन्द्र गिरीले बताउनुभयो ।

विस्तारित सेवामा विशेषज्ञ चिकित्सकबाट मात्र सेवा प्रदान गरिनेछ । इएसएसमा सेवाग्राहीले डाक्टर छानोट गरेर सेवा लिन सक्ने व्यवस्था मिलाइएको छ । निर्देशक गिरीका अनुसार अस्पतालले बहिरंग सेवामा बीमाको सेवा भने लागु गर्ने छैन । आउँदो दिनहरुमा अस्पतालले बहिरंग सेवामा ओपिडि सेवा मात्र नभई सर्जिकल सेवा समेत लागु गर्ने गिरीले प्रतिबद्धता जनाउनु भएको छ । विस्तारित सेवामा बिरामीको प्रतिक्रिया अनुसार सेवा थप समेत गरिने गिरीले बताउनुभयो । हेटौँडा अस्पतालले विस्तारित सेवामा रगत, दिसा, पिसाब परीक्षणको रकम ओपिडी सेवा जस्तै राख्ने भएको छ ।

## ८ सय जनाले लिए लाइसेन्स

समाज संवाददाता

हेटौंडाः यातायात व्यवस्था सेवा कार्यालय हेटौंडाबाट एक महिनामा करिब ८ सय जनालाई सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) वितरण गरिएको छ । कार्यालयले आर्थिक वर्ष २०८१/०८२ को पहिलो महिना साउनमा ७ सय ९० जनालाई लाइसेन्स वितरण गरेको हो ।

यातायात कार्यालयले ४ सय ८९ जनालाई नयाँ लाइसेन्स र ३ सय एक जनालाई थप लाइसेन्स वितरण गरेको कार्यालयका सूचना अधिकारी राजु अर्यालले जानकारी दिनुभयो । गत महिना कार्यालयले २ सय ७० वटा मोटरसाइकल, एक सय ५ वटा स्कुटर, ८० वटा कार, १७ वटा अटो रिक्सा, २ वटा इ-रिक्सा, ८ वटा ट्याक्टर, ६ वटा स्क्याभेटर र एउटा जेसीबी चलाउनलाई नयाँ लाइसेन्स वितरण गरेको हो ।

नयाँ लाइसेन्सका लागि एक हजार ३ सय ८७ जनाले दरखास्त दर्ता गरेको अर्यालले बताउनुभयो । यस्तै, कार्यालयले ६० वटा मोटरसाइकल, २ वटा स्कुटर, एक सय ३३ वटा कार, १५ वटा अटो रिक्सा, ९ वटा इ-रिक्सा, २ वटा ट्याक्टर, ८० वटा हेबी गाडीलाई थप लाइसेन्स वितरण गरेको कार्यालयका सूचना अधिकारी अर्यालले जानकारी दिनुभयो । साना ट्रक अथवा बसको लाइसेन्स लिएका सवारी चालकलाई दुई वर्षपछि मात्र थप लाइसेन्स वितरण गरिन्छ ।

थप लाइसेन्सका लागि ९ सय ७१ जनाले दरखास्त दर्ता गरेका थिए । एक महिनाको अवधिमा कार्यालयबाट ९ जनाले प्रतिलिपि लाइसेन्स लिएको अर्यालले बताउनुभयो । यस्तै, ६ सय १३ वटा लाइसेन्स नवीकरण भएको छ भने १० वटा लाइसेन्स नवीकरण नहुँदै हराएको छ । कार्यालयले एक महिनाको अवधिमा २२ लाख १५ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ ।

कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा ८ हजार ९ सय ६४ जनालाई लाइसेन्स वितरण गरेको थियो । यातायात कार्यालयले नयाँ लाइसेन्स ५ हजार ७ सय २५ जना र थप लाइसेन्स ३ हजार २ सय ३९ जनालाई वितरण गरेको थियो । नयाँ लाइसेन्सका लागि १५ हजार २ सय ६ जनाले दरखास्त दर्ता गरेका थिए । यस्तै, थप लाइसेन्सका लागि ८ हजार ८ सय २७ जनाले दरखास्त दर्ता गरेका थिए । गत वर्ष कार्यालयबाट एक सय ५९ जनाले प्रतिलिपि लाइसेन्स लिएको अर्यालले बताउनुभयो ।

यस्तै, ५ हजार एकसय ९७ वटा लाइसेन्स नवीकरण भएको थियो भने ६१ वटा लाइसेन्स नवीकरण नहुँदै हराएको थियो । कार्यालयले गत आर्थिक वर्ष ३९ करोड ७ लाख २४ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो ।

## बागमती प्रदेश
## २ विधेयकको प्रतिवेदन विषयगत समितिबाट पारित

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशसभाको विषयगत समितिबाट २ विधेयकको प्रतिवेदन पारित भएको छ । शुक्रबार बसेको २ विषयगत समितिको बैठकले २ वटा विधेयकको प्रतिवेदनलाई अन्तिम रुप दिएर पारित गरेको हो ।

शुक्रबार बसेको शिक्षा स्वास्थ्य तथा कृषि समितिको बैठकले प्रदेश कृषि विकास सम्बन्धमा बनेको विधेयकको प्रतिवेदन पारित गरेको हो भने उद्योग पर्यटन तथा वातावरण समितिको बैठकले प्रदेश हस्तकला ग्राम स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन पारित गरेको हो ।

लामो समयदेखि संसदीय समितिमा विचाराधीन अवस्थामा रहेको सो २ विधेयकको प्रतिवेदन पारित गरेको हो । शिक्षा स्वास्थ्य तथा कृषि समितिको बैठकले गत २०८० भदौ १२ गतेदेखि संसदीय समितिमा विचाराधीन रहेको कृषि विकास सम्बन्धीमा व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफल सहिहत संशोधन प्रस्तावको निर्णय गरेर प्रतिवेदन पारित गरेको समितिकी सचिव हिमा न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार सो विधेयक माथि विभिन्न चरणमा छलफल गरी संशोधनसहित प्रतिवेदन पारित गरिएको हो । उक्त विधेयक माथि प्रदेशसभाका ३ सदस्यहरुले १० बुँदामा संशोधन प्रस्ताव दर्ता गराएको उहाँले बताउनुभयो ।

## हेटौँडा सिमेन्ट उद्योगले फेरि किलिङ्कर उत्पादन थाल्यो



समाज संवाददाता

हेटौँडाः सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योगले फेरि किलिङ्कर उत्पादन थालेको छ । गत असार पहिलो साता किलिङ्कर उत्पादन सुरु गरेलगत्तै विद्युत प्रवाहसँगै मोर्टरमा समस्या देखिएपछि उत्पादन रोकिएको थियो । विद्युत प्रवाहमा सुधार भएर प्राविधिक समस्या समेत समाधान भएपछि शुक्रबारबाट हेटौँडा सिमेन्ट उद्योगले किलिङ्कर उत्पादन सुरु गरेको हो ।

हेटौँडा सिमेन्ट उद्योगको मर्मत महाशाखा प्रमुख रामप्रित चौधरीले विद्युत प्रवाह र प्राविधिक पक्षको सुधारपछि शुक्रबारबाट किलिङ्कर उत्पादन सुरु गरिएको जानकारी दिनुभयो । प्राविधिक समस्या नभई निरन्तर सञ्चालन भयो भने १० देखि १२ दिनसम्म किलिङ्कर उत्पादन गर्न सकिने उहाँको भनाइ छ । सहजरुपमा उद्योग सञ्चालन हुँदा दैनिक ६ सय मेट्रिक टन किलिङ्कर उत्पादन गर्न सकिने चौधरीको भनाई छ ।

हेटौँडा सिमेन्ट उद्योगका अध्यक्ष नरेन्द्र भण्डारीका अनुसार असार पहिलो साता उत्पादन सुरु गरे पनि विद्युत र मोर्टरको समस्याका कारण उत्पादन नियमित हुन नसकेको र त्यतिबेला विद्युतको समस्या समाधान गर्न नसक्दा निरन्तर उत्पादन प्रभावित भएको जानकारी दिनुहुँदै अहिले भने सबै समस्या समाधान गरेर पुनः उत्पादन सुरु गरिएको जानकारी दिनुभयो । पूर्व महाप्रबन्धक प्रेमशंकर सिंहलाई समेत बोलाएर उद्योगको प्राविधिक समस्या समाधान गरेर उत्पादन सुचारु गरिएको उहाँको भनाइ छ ।

हेटौँडा सिमेन्ट उद्योगको प्रशासन विभागका वरिष्ट अधिकृत हरेराम आचार्यका अनुसार हेटौँडा सिमेन्ट उद्योगमा करिब १५ हजार बोरा सिमेन्ट भण्डारमा मौज्दात छ । दैनिक करिब ४ हजार बोरा सिमेन्ट बिक्री भइरहेको उहाँले जानकारी दिनुभयो ।

## ४ वटा निकायलाई अर्थ तथा विकास समितिले बोलायो

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशसभा अन्तर्गतको अर्थ तथा विकास समितिले प्रदेश सरकारका ४ वटा निकायलाई छलफलका लागि बोलाएको छ । समितिको शुक्रबार बसेको बैठकले प्रदेश सरकार अन्तर्गतको ३ मन्त्रालय र एक आयोगलाई छलफलका लागि बोलाएको हो ।

बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी उर्जा तथा सिंचाई मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगलाई चालु आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन, योजनाका अवस्था र गत आर्थिक वर्ष २०८०/०८१ को प्रगतिका विषयमा छलफलका लागि बोलाएको हो ।

समितिको आगामी भदौ २५ गते बस्ने बैठकमा प्रदेश नीति तथा योजना आयोग, २६ गते आर्थिक मामिला तथा योजना मन्त्रालय, २७ गते भौतिक पूर्वाधार विकास मन्त्रालय र २८ गते खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयलाई छलफलका लागि बोलाएको हो । उक्त बैठकहरुमा विभागीय मन्त्रालयका मन्त्री, सचिवलाई उपस्थित हुन निर्देशन गरेको समितिका सभापति नुरज बज्राचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार समितिले सरकारको काम कारवाही र विकास निर्माणको अवस्था अनुगमन गर्ने उद्देश्य अनुसार वर्तमान अवस्थिति बारे बुझ्न मन्त्रालयलाई छलफलका लागि बोलाएको हो । प्रदेश सरकारको विकास बजेट खर्च र प्रभावकारिताका बारेमा समितिबाट छिट्टै अनुगमन तथा नियमन गरिने उहाँको भनाई छ । बैठकले समितिको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि क्यालेण्डर निर्माण गर्ने निर्णय गरेको छ । समितिका सदस्य सरल सहयात्रीलाई समितिका लागि प्राप्त १७ लाख रुपैयाँ रुपैयाँ बजेटको ७ वटा कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम तालिका निर्माण गर्ने जिम्मा दिएको छ भने आगामी भदौ २५ गते बस्ने समितिको बैठकमा सो तालिकालाई पारित गरिनेछ ।

समिति अन्तर्गत समितिको छानविन अन्तर्गत १ लाख रुपैयाँ र अनुगमन तथा नियमन कार्यक्रमका लागि १ लाख रुपैयाँ बजेट प्राप्त भएको छ भने विकास निर्माणका कामको स्थलगत अनुगमनका लाग ५ लाख रुपैयाँ, पूर्व बजेट छलफलका लागि २ लाख रुपैयाँ, विज्ञ तथा सरोकार बिच राजस्व संकलन, बजार व्यवस्थापन लगायतका विषयमा छलफल, समितिका सदस्य तथा पदाधीकारीहरुलाई विधेयक तयारीका विषयमा मस्यौदा निर्माण सम्बन्धी छलफल, संशोधन प्रस्ताव दर्ता, अन्तरप्रदेश अनुभव आदानप्रदान भ्रमण लगायतका कार्यक्रमका लागि बजेट प्राप्त भएको छ । सदस्य सहयात्रीले सो कार्यक्रमहरुको कार्यान्वयनका लागि कार्ययोजना र तालिका तयार गर्ने समितिका सचिव मनोजकुमार गुप्ताले बताउनुभएको छ ।




हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




ERKE

Erke brand authorized showroom

D next dress up

हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# विद्यार्थी हाम्रा गहना



**चन्द्रमणि रिमाल**

विद्यार्थीहरूलाई पढाइमा रुचि जागृत गराउनु भनेको एक किसिमले उनीहरूलाई प्रेरित गर्नु हो, जसले गर्दा उनीहरू पढ्नमा लागिपर्ने र ज्ञान हासिल गर्न उत्साहित हुन्छन् । पढ्नमा रुचि दिन विभिन्न उपायहरु प्रयोग गर्न सकिन्छ, जसले विद्यार्थीको स्वाभाविक जिज्ञासा र सृजनात्मकतामा भर पर्दछ ।

अन्तरक्रियात्मक माध्यमबाट सिकाइ गर्नुपर्छ । विभिन्न खेलको माध्यमबाट, समूहमा गतिविधि गराएर, वादविवाद जस्ता क्रियाकलाप गराएर, विद्यार्थीलाई नै सहभागी गराएर शिक्षण सिकाइलाई प्रभावकारी र रमाइलो बनाउन सकिन्छ । यसले विद्यार्थीलाई सक्रिय बनाउनुका साथै आत्मविश्वास बढाउँछ, व्यक्तित्व विकासमा थप टेवा दिन्छ ।

अझ अर्को कुरा त विभिन्न उदाहरणहरु, आफ्नै सङ्घर्षका कथाकहानीहरु, विभिन्न विषयहरुलाई थप स्पष्ट बनाउन जीवन्त लेखहरु तथा अन्य सामग्रीहरु प्रयोग गरेर विद्यार्थीको ध्यान आकर्षित गराउन पनि सकिन्छ जसले जटिल विषयहरूलाई बुझ्न सजिलो बनाउँछ ।

त्यस्तै घर वा विद्यालयमा विद्यार्थीहरुको रुचि अनुसार तथा उनीहरुलाई असर नपर्ने खालका सकारात्मक वातावरणको सिर्जना गर्नु नितान्त आवश्यक छ । घरमा पढ्ने बेला होहल्ला, झैझगडा तथा अन्य नकारात्मक गतिविधिहरु सञ्चालन गर्नु हुँदैन । विद्यार्थीहरुले विद्यालयमा पढेका कुराहरुलाई स्मरण गर्न वा घरमै नयाँ कुराहरु अभ्यास या पढ्न पनि उपयुक्त वातावरणको आवश्यकता पर्दछ । आवश्यक शैक्षिक सामग्रीहरु किनिदिएर तथा सँगै बसेर पारिवारिक गफ गर्नु पनि एक किसिमको असल वातावरण सिर्जना गर्नु हो । त्यस्तै कहिलेकहीँ घुम्न लैजानु पनि मस्तिष्क तिखार्नु हो । उनीहरुलाई शान्त र व्यवस्थित अध्ययनको वातावरण दिनु हाम्रो दायित्व हो ।

विद्यार्थीलाई आफ्नो रुचिअनुसार विषयवस्तु चयन गर्न दिने हो भने उनीहरुको ध्यान त्यसमा बढी केन्द्रित हुन्छ । आफूलाई मन पर्ने विषय गर्न जसलाई पनि मन लाग्छ नै त्यस्तै विद्यार्थीमा पनि उनीहरुको चाहाना, इच्छा, रुचि अनुसारको शिक्षण सिकाइ गर्दा विषयमा पोख्त हुने गर्दछन् र सिकाइ दीर्घकालीन् हुन्छ साथै उनीहरुलाई उत्साहित पार्दै पढ्न मन जगाउँछ ।

त्यसैगरी जीवनमा विभिन्न लक्ष्यहरु हुन्छन् । ती लक्ष्यहरू जहिले पनि पाउन सकिने, जाँच्न सकिने, विशिष्ट, समय निर्धारण गर्न सकिने खालको भयो भने उनीहरुले त्यसलाई प्राप्त गर्नका लागि कोसिस गर्छन् । विद्यार्थीलाई सानातिना लक्ष्यहरू निर्धारण गरेर त्यसलाई पूरा गर्न प्रेरित गर्नुपर्दछ । साना लक्ष्यहरू पूरा गर्दा विद्यार्थीको आत्मविश्वास बढ्छ र थप ठूलो लक्ष्यतर्फ प्रेरित हुने हुँदा यसतर्फ पनि उत्तिकै चनाखो हुनुपर्दछ ।

सृजनात्मकता र प्रयोगात्मक विधिको प्रयोग गरी शिक्षण सिकाइ गरेर विद्यार्थीहरुलाई सहभागी गराउनु पर्दछ । प्रायोगिक काम, परियोजनाहरु र कार्यशालाहरुमा विद्यार्थीलाई सहभागी गराउनुपर्छ । यसले उनीहरूको व्यावहारिक ज्ञान बढाउँछ र उनीहरूलाई विषयप्रति अझै रुचि बढाउने काम गर्दछ । विद्यार्थीलाई चित्रकलाद्वारा वा लेखनद्वारा वा कुनै अन्य सृजनात्मक विधिबाट सिकाउने प्रयास गर्नुपर्दछ । यसले पढाइलाई रोचक बनाउनुका साथै फलदायी पनि बनाउँदछ ।

कहिले कहीँ डिजिटल माध्यमहरूको प्रयोग गरेर विद्यार्थीलाई सिकाउन सकिन्छ । उनीहरुलाई भिडियो, एनिमेसन, र अनलाइन स्रोतहरु मार्फत सिकाउँदा छिट्टै सिक्ने गर्दछन् । नयाँ नयाँ प्रविधिले पढाइलाई आकर्षक बनाउँदछ । उनीहरुलाई किताब मात्र होइन, अडियोबुक र शैक्षिक भिडियोहरुसमेत प्रदान गर्नुपर्दछ । यसले पनि उनीहरूको पढाइप्रतिको ध्यानलाई आकर्षित गर्दछ ।


कक्षाभित्र विभिन्न चुनौतिहरुको सामना गर्नुपर्दछ । आफ्नो अध्ययन सम्बन्धी प्रश्नोत्तरी, छलफल, तार्किक प्रश्नहरुको हल, समीक्षात्मक टिप्पणी, कल्पनात्मक सोचाइ तथा विभिन्न प्रतियोगिताहरु राख्न सकिन्छ, जसले गर्दा विद्यार्थीहरु पढ्नमा संलग्न हुन्छन् । समूह विभाजन गरेर पढाइ गर्दा विद्यार्थीले अरूसँग विचार बाँड्न सक्दछन्, आफ्नो तर्कहरु राख्न सक्छन्, अरुको तर्क र विचारसँग सहमति जनाउन सक्छन् जसले उनीहरूको सिकाइको अनुभवलाई अझ सजीव बनाउँछ ।

विद्यार्थीहरुको रुचिलाई हेर्दै जीवनमा आवश्यक पर्ने पुस्तकहरु दिनु राम्रो मानिन्छ । विद्यार्थीको चाहानालाई मध्यनजर गर्दै पुस्तक चयन गरिदिनुपर्छ । रमाइलो र ज्ञानमूलक पुस्तकहरू पढ्दा उनीहरुलाई पढ्न मन पर्छ अनि त्यसले उनीहरुको ज्ञानलाई फराकिलो बनाउँदछ ।

आत्मविश्वास बढाउन उनीहरुलाई स्वतन्त्र अध्ययन गर्न पनि दिनुपर्दछ । विद्यार्थीलाई कहिलेकाहीँ स्वतन्त्र रूपमा अध्ययन गर्न दिँदा उनीहरुको मन पर्ने विषयमा ध्यान जान्छ र पढ्नमा रुचि जाग्दछ । यसले उनीहरूलाई आफ्नै गतिमा सिक्न मद्दत पुऱ्याउँछ ।

प्रेरणादायी व्यक्तिहरूसँग भेट वा सफल व्यक्तिहरूसँग भेटघाट गराउँदा पनि पढाइको महत्व तथा सङ्घर्षका गाथाहरु बुझाउन सकिन्छ । नियमित प्रगति मूल्याङ्कन र समर्थन गर्नु अर्को महत्वपूर्ण पाटो हो । प्रगति विवरण खोज्दै जानुपर्दछ । विद्यार्थीको प्रगतिको नियमित समीक्षा गर्नुपर्दछ । उनीहरूलाई सुधारका उपायहरू पनि बताइदिनु पर्दछ । विद्यार्थीलाई उनीहरूका चुनौतीहरू बुझ्न सहानुभूति देखाउनुपर्दछ र जहाँ आवश्यक छ, त्यहाँ आँखा चिम्लेर सहयोग गर्नुपर्दछ ।

विद्यार्थीहरूलाई पढाइमा रुचि दिन विभिन्न सिर्जनात्मक र प्रेरणादायी उपायहरुको प्रयोग गर्न सकिन्छ । विद्यार्थीहरूको रुचि, आवश्यकता, र क्षमतालाई ध्यानमा राखेर उनीहरूलाई पढाइप्रति उत्साहित गराउनु नै प्रमुख ध्येय हो । सकारात्मक वातावरण, नियमित प्रोत्साहन, र पढाइलाई रोचक बनाउने प्रयासले विद्यार्थीलाई अध्ययनमा सक्रिय बनाउँछ ।




अतित्व गौतम
नवोदय शिशु सदन, हेटौँडा-४

# Father's Day



**Aarogya Kharel,**

My dad is a compass,
telling always
true like a sky is blue
Showing my life roads,
with the help of his through
His hugs are warm as blanket
He is most handsome
in the planet

He is as a hero
teacher for me
He is a boat,
sea surrounds me
He makes me fell
cozy and warm
Protect me from
all the harm

As busy as a bee,
he is on his work
Sometime you got,
Hot as a fire on me
You have never tried to
upset me,as i see
Tiredness on your face
and pain in your
legs i always see

Here you are
my superhero
You always support me
even i got zero
I know you are
brave as a lion
Also hot as a iron
Let's forget everything
lets go to bed and lay
Once again
happy Father's Day.

*Navodaya Shishu Sadan*
*Hetauda-4*





सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौँडा-४





अग्रिम खड्का
कक्षा-१०, सिद्धार्थ शिशु सदन
हेटौँडा-५

# चित्रकला





प्रिशसीकला श्रेष्ठ
कक्षा-७, रेड रोज इंग्लिस बोर्डिङ स्कूल,
हेटौँडा-१६





दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन
हेटौँडा-५





दिपसन अर्याल
कक्षा:- ६, सोलिड्यारिटि ईन्टरनेशनल
एकेडेमी स्कूल, हेटौँडा-१०

# देशहित का लागि, फेरि एकबार उठ



**सरोजप्रसाद साह**

देशहितका लागि, फेरि एकबार उठ !
शौर्यभाव साथ उठ, शौर्य-दीप बनेर !!
आत्मनिर्भर बनी, फेरि एक साथ उठ !!!
असली प्रजातन्त्र ल्याऊ, शान्ति नायक बनेर !!!!
कहाँ चल्छ घरबार, छिमेकीको जुठोले !!!!!
जित्नुपर्छ रणभूमि, संघर्षको युद्धले !!!!!!



धनकुटा, सुर्खेत, जनकपुरी गाउँमा !
युवा युवा एकजुट, मकवानपुरे भावमा !!
हात अनेक, पाउँ अनेक, मुटु एक भावमा !!!
सिंहभाति सारा युवा, देशभक्ति भावमा !!!!
चार जस्तो फूर्ति, सिंहाजस्तो शौर्यमा !!!!!
एक एक पल बितोस, नेपाल निर्माणमा !!!!!!



देशहित का लागि, फेरि एकबार उठ !
विजयभाव साथ उठ, विजयपथ बनेर !!
अब एकबार उठ, अन्तिम निर्णय गर्नलाई !!!
अन्धकार चिर्नलाई, सौर्य-दीपक बनी उठ !!!!
अन्यायलाई रोक अब, अति भयो सहेर !!!!!
हे सहिदका सन्तानहरू, मुलुकलाई बचाउनलाई !!!!!!




न्याय देऊ नेपाली, आस तिम्रो जोड छ !
हे नेपाली नायकहरू, तिम्रै आसमा देश छ !!
अब यदि उठेनौ, देश उठ्न सक्दैन !!!
यदि उठ्यौ तिमी भने, देश झुक्दै झुक्दैन !!!!२



# बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।



**सम्पादक।**

# बधाई ज्ञापन



**जनार्दन खनाल**

मकवानपुर जिल्लामा पनि निवृत्त शिक्षक
समाज नौला स्थापना भयो हकको निमित्त
अपूरा कुरा पूर्णता गर्ने उदेश्य राखेको
निवृत्त हाम्रै हितको लागि यो संस्था खुलेको ॥

पहलकर्ता गंभीर व्यक्ति दयाल श्री शिव
दुइटै कार्यकालको हाम्रो शालीन अध्यक्ष
यसमा देन उनको ठूलो समिति निर्माण
जीवन सुखी सम्पन्न बनोस् मंगल–कामना ॥

नहुँदा कुनै यसको श्रोत भाँडाको भरमा
यो दुई कार्य काल नै बित्यो साघुँरो कोठामा
कोठाको भाँडा तिर्नको लागि यो कार्य समिति
मिलेर तिर्ने गरेका थियौं नराखी विमती ॥

अहिले हाम्रा श्रद्धेय गुरु मोहन शर्माले
दिनुभो ठाउँ उनले पनि आनन्दी मनले
पानीको अनि बत्तीको पैसा तिरेको भरमा
दिनुभो कोठा छाएको खुसी निवृत्तहरुमा ॥

सिद्धार्थ मावि हेनपा भित्र पहिल्यै देखिनै
चलेको नाम शिक्षकहरु मिलेको अति नै
सबैमा राख्ने समता भाव कुकाम गर्दैनन्
हुनुभो प्र.अ कसैले पनि नराम्रो भन्दैनन् ॥

भर्खर मात्र शिक्षकबाट निवृत्त हुनुभो
बुझेर मर्का अफिसलाई घरमा सार्नुभो
उनको होओस् सम्पूर्ण क्षेत्र श्री वृद्धि भलाई
सु–स्वास्थ्य साथै दिर्घायु हुनु हाम्रो छ बधाई ॥

देखिने काम यसले गऱ्यो श्री जिल्ला समिति
थालनी गर्दै यसले अझै यसको उन्नति
आपसी मिली अगाडी बढौं निवृत्त जीवन
यो जिल्ला कार्य समितिलाई हार्दिक नमन ॥

*बकैंया–४ छतिवन,मकवानपुर*

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ?
यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

# श्री कृष्ण जन्माष्टमी



**सभ्यता कुँवर**

माता देवकीको कोखबाट जन्म लिई
महान काम गऱ्यौ तिमीले अर्जुनलाई ज्ञान दिई ।।

मैया यशोदाले गरिन् तिम्रो पालनपोषण
कहिल्यै पनि हुन नदिने तिमीले कसैमाथि शोषण ।।

कंशको बध् गरी देवकी बासुदेवलाई छुटायौ
त्यही क्रममा माता रुक्मणीलाई पनि भेटायौ ।।

द्वारिकाधिस भयौ तिमी द्वारीकाको निर्माण गरी
सबैलाई ज्ञान सिकाउँदै हिँड्यौ तिमी जीवन भरी ।।

प्रेमको दोस्रो रुप भनेर पनि चिनिने तिमीलाई
प्रेमको परिभाषा सिकायौँ तिमीले हामीलाई ।।

*कक्षा–१०, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल हेटौंडा–२*

## गाउँखाने कथा

१. आफू दुवै लुला हातले ठोक्छ आफ्नै गाला, शिवजीलाई मनपर्ने गजबै छ चाला ।
- डमरु

२. आमा गइन घाँसपात, बाबु गए गाउँ, ढोकामा बसे लट्टे जोगी, आफू कता जाउँ ।
- ढोकामा ताल्चा

३. आमा छोरीलाई जिउ गर्छिन् ।
- गाग्री र लोटा

४. आमा जगल्टे, छोरो पगटे, नाति मटयाङग्रे ।
- केराउ

५. आमा दिन्छे छोरी खान्छे पानी सारेको आकाशको मैदान रुखको बास, धर्तीको बिस्कुन चुच्चाका गाँस ।
- चरा

# नेपालको शान



**शाम्भव राज दाहाल**

जननी मातृभूमी हाम्रो,
प्यारो नेपाल,

माता सीता जन्मेको देश हो यो,
छ सुन्दर शान्त विशाल ।

धर्ती हाम्री आमा
निला गगन हाम्रा बाबा

गौरी शंकर माथि छन्
दिन्छन् शीतल हावा ।।

देशको एकीकरण नै त
पृथ्वीनारायण शाहको योगदान हो

इतिहासका पानामा यिनका नाम
सुनौलो अक्षरले कुदिएका छन् ।।

गौतम बुद्ध, अमरसिंह थापा
अनि वीर गोर्खाली

जनक जन्मे यहि देशमा
सबै हुन् नेपाली

*कक्षा-६, कमाने एकेडेमी, हेटौंडा–८*

# गजल



**अञ्जली यादव**

होइन धोका कसम खान्छु त्यसो नभन न
तिमी जे भन्छौ म त्यही मान्छु त्यसो नभन न

तिम्रो नि घर छ, बा-आमा छन् म भन्दा असल पाउँछौं
त्यतिकै संसार छोडेर जान्छु त्यसो नभन न

तिमीलाई छोड्नु रहरभन्दा नि बाध्यता भयो, के गर्नु ?
तिमी त मलाई बुझ्छौ नि कान्छु त्यसो नभन न

तिमीसँग गए, म बाको मुखसम्म देख्न पाउँदिन म
भगाएरै बरु तिमीलाई म लान्छु त्यसो नभन न ।

*कक्षा-१२, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

# सातको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशि**: दौडधुप र भागम्भागमा समय व्यतित हुनेछ । पराक्रम र प्रसिद्धि बढाउने समय देखिन्छ । लक्ष्य र उद्देश्य सफल बनाउने उपायका बारेमा चिन्तन बढ्नेछ । अध्यात्म र दर्शनतर्फ अगाडि बढिने समय छ । व्यापार, व्यवसाय मध्यम कारक छ । वैदेशिक प्रयोजनको काममा लाभ प्राप्त होला ।

**वृष राशि**: आत्मविश्वास बढ्ने छ । अभिनय र कलात्मक विषयबाट लाभ होला । प्रतिष्ठा र सम्मान बढाउन अझै प्रयत्न गर्नुपर्ला । आफन्तको मिलनले मन आनन्दित बन्ला । बोली र व्यवहारमा नम्रता अपनाउँदा राम्रो रहन्छ । घुमघाम र आध्यात्मिक एवम् दार्शनिक विषयप्रति आकर्षित बनिएला ।

**मिथुन राशि**: सकारात्मक धारणाको उदय हुने समय छ । निर्माण र व्यवहारिक क्षेत्रमा मन आकर्षित हुनेछ । दैनिक कामकाजहरु क्रमशः सम्पन्न होलान् । आत्मविश्वास बढ्ने छ । इच्छाशक्तिको अभिवृद्धि होला । आध्यात्मिक र भौतिक दुबै क्षेत्रबाट लाभ प्राप्त हुनेछ । अध्ययन-अध्यापनका कामहरुबाट लाभ होला ।

**कर्कट राशि**: अवसर प्राप्तिका लागि दौडधुप र परिश्रम गर्नुपर्ने समय छ । व्यापार-व्यवसायमा हिसाब-किताब र लेनदेनमा सतर्कता अपनाउँदा राम्रो हुन्छ । नचिताएको ठाउँबाट विशेष लाभ प्राप्त हुनेछ । सोँचेभन्दा बढी खर्च होला । विश्वास जित्न सके प्रेम सफल बन्ला । अध्ययन-अध्यापन ठिकै रहला ।

**सिंह राशि**: स्थिर सम्पत्ति र शेयर कारोबारबाट लाभ होला । बन्द व्यापारका कामहरु सुचारु हुनेछन् । सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ । धार्मिक एवम् साँस्कृतिक काममा सरिक भइनेछ । पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ लिन सकिनेछ । यात्राको सम्भावनालाई नकार्न सकिँदैन । हिम्मतले काम होला ।

**कन्या राशि**: धैर्यधारण गरी परिश्रम गर्ने समय छ । व्यापार-व्यवसायमा सोँचे जति लाभ पाइने छ । स्वास्थ्य स्थितिमा सुधार हुने समय छ । आफूभन्दा ठूलाको आशीर्वाद लिन नभुल्दा राम्रो रहन्छ । प्रतिष्ठा प्राप्तिको अवसर पाइएला । धार्मिक एवम् साँस्कृतिक काममा सरिक भइने समय योग छ ।

**तुला राशि**: व्यक्तित्व र उज्ज्वल भविष्यको चाहना राखी अगाडि बढ्ने समय छ । ताकेका काममा विशेष प्रतिफल मिल्नेछ । परिश्रम गर्दा सम्मानित स्थान पाउन सकिनेछ । विशेष उपहारको योग छ । विकासमा नयाँ फड्को मारिएला । परोपकारी काममा समय बित्ला । सामाजिक र आध्यात्मिक काममा सरिक भइएला ।

**वृश्चिक राशि**: जोखिम र संकटले युक्त समय छ । नौराश्यता, दिकदारी र चिड्चिडेपन बढ्न सक्छ । परिबन्ध र बाध्यताका कारण आर्थिक बोध बढ्ला । व्यापार-व्यवसायमा अस्वस्थताले असर पुऱ्याउला । स्वास्थ्य स्थितिले समस्या पर्ला । धार्मिक र परोपकारजन्य कामबाट लाभ प्राप्त होला ।


**धनु राशि**: घरायसी प्रयोजन र भोगविलासका क्षेत्रमा मन जाने समय छ । आर्थिक पक्ष सवल भए पनि सामाजिक र धार्मिक कार्यले भने लाभ पुग्ला । स्वास्थ्य क्षेत्र कमजोर रहला । प्रेमिल भावनामा विकसित होला । उपहार र मनोरञ्जनको काममा मन जानेछ । अध्ययन-अध्यापन ठिकै रहला ।

**मकर राशि**: परीक्षामूलक कुनै कामबाट सफलता प्राप्ति हुनेछ । तालिमको अवसर प्राप्त होला । सीपमा वृद्धि हुनेछ । लामो दूरीको यात्रा तय होला । पारिवारिक असमझदारी हल होला । धार्मिक एवम् सामाजिक काममा सरिक भइनेछ । अध्ययन-अध्यापन ठिकै रहला । लेनदेनबाट लाभ होला ।

**कुम्भ राशि**: इच्छाशक्ति बढ्ने र आन्तरिक उर्जाको उदय हुने समय योग छ । आत्मबल र सामर्थ्य प्रदर्शन गरी अरुलाई प्रभावित बनाउन सकिने समय छ । महत्वपूर्ण उपलब्धीको बाटो समेत खुल्नेछ । व्यापार-व्यवसाय ठिकै रहने छ । पढाइ-लेखाइ र बुद्धि कौशलमा वृद्धि हुने समय योग रहेको देखिन्छ ।

**मीन राशि**: निर्णायक काममा ध्यान केन्द्रित हुँदैन । घरायसी समस्या र सुखका बारेमा चिन्तन गर्ने समय छ । घरपरिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो रहन्छ । व्यापार-व्यवसाय मध्यम फलदायी रहेको छ । शेयर कारोबार वा अचल सम्पत्तिमा लगानी बढ्ला । धार्मिक एवम् परोपकारजन्य काममा सरिक भइने समय योग छ । पढाइ-लेखाइ मध्यम कारक रहने समय छ ।

# कठिनाई



**अर्जुन साह कलवार**

उच्चतम ओहदामा पुग्ने चासो सबैलाई हुन्छ नै। आ–आफ्नो क्षेत्रमा प्रायः सबैले प्रयास जारी राख्छन् पनि। तर थरी–थरीका बाधा व्यवधानलाई थिचोल्न नसकेर धेरै जसो थोरै सफलतामा चित्त बुझाउँन बाध्य हुन्छन् । कतिपय त पुरै असफल पनि हुन्छन। पुरै असफल भएका र थोरै सफल भएका दुवैले अगाडी बढ्ने क्रममा ठूलठूलै कठिनाई झेल्छन् र असहज परिस्थितिले दुवै थरिलाई नराम्रो गरी झँयाक्छ। यति कुरा सबैलाई थाहा हुन्छ कि सफलताको उपल्लो तहसम्म पुगेकाहरुलाई भाग्यले वा प्रतिभाले सजिलै माथि पुऱ्याएका छन् त ?

कठिनाईको काम के हो ? "कठिनाईहरुले हामीलाई आत्मज्ञान गराउँदछ। यसले हामीलाई देखाउँछ कि हामी कुन माटोबाट बनेका छौं" हरेक व्यक्तिले आफ्नो जिन्दगीमा हरेक कठिनाईसँग पाठेजोरी खेल्न आवश्यक छ। नत्र जिन्दगीका सुनौला अवसरहरुबाट हात धुनुपर्ने छ।

कठिनाईले मानसिक शक्तिको वृद्धि गर्दछ। जुन प्रकार श्रमले शरीरलाई शक्ति प्रदान गराउँछ, त्यसै प्रकार कठिनाईहरुले मानिसलाई शक्ति सम्पन्न गराउँदछ।

*बहुदरमाई न.पा. विश्रामपुर–९, पर्सा*

## माइग्रेसन हराएको सुचना

गोकुले सेकेण्डरी स्कुल गोकुले–२, काभ्रेपलान्चोकबाट २०७४ सालमा दश जोड दुई (10+2) तह उत्तीर्ण गरी राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको माइग्रेसन सर्टिफिकेट मेनुका तामाङको (रजिष्ट्रेशन नम्बर ७३२४८६०४२, सिम्बोल नम्बर ९०५०२३०१) मिति २०८१ साल भाद्र ११ गतेका दिन बागमती गाउँपालिकाबाट बकैया गाउँपालिका जाने क्रममा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ । **सम्पर्कः ९८४९८१७७५५**

## जिल्ला लिग फुटबल प्रतियोगिता सुरू

# साविक विजेता डाँफेको शानदार जित



समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जिल्ला लिग फुटबल प्रतियोगिता सुरु भएको छ । शुक्रबार हेटौँडा-११, थानाभन्ज्याङस्थित सिमलटार खेल मैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा साविक विजेता न्यू डाँफे युथ क्लबले शानदार जित निकालेको छ। महावीर क्लबलाई ७-० गोलको फराकिलो अन्तरले हराउँदै साविक विजेता डाँफेले विजयी सुरुवात गरेको हो ।

डाँफेको तर्फबाट पहिलो हाफको २० औं मिनेटमा अभिषेक लामाले पहिलो गोल गरे । यस्तै खेलको ४६ औं मिनेटमा निश्चल थापाले गोल गर्दै टिमलाई २-० को अग्रता दिलाए । ५७ औं मिनेटमा रितेश श्रेष्ठले, ५९ औं मिनेटमा वोध कुमार वाईबाले गोल गरे । सुशान्त तामाङले दुई र राजिव डिम्डुङले एक गोल गर्दै डाँफेले महावीरविरुद्ध ७-० को फराकिलो अन्तरको जित हासिल गऱ्यो ।

म्यान अफ द म्यान डाँफेका सुशान्त तामाङ घोषित भए । डाँफेले समूह चरणको दोस्रो खेलमा हेटौँडा फुटबल एकेडेमीसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। शनिबार बाट हेटौँडा-६ स्थित गौरीटार रंगशालामा पनि खेल सञ्चालन हुनेछ । गौरीटारमा पहिलो खेलमा परेली युवा क्लब र विजय युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा समूह ‘ख’ बाट गोर्खा ब्वाइज क्लब र एफसी इन्टरनेट सिटीबीच प्रतिस्पर्धा हुनेछ । यस्तै समूह ‘क’ बाट सिमलटार मैदानमा सक्षम युवा क्लब र हेटौंडा भेट्रान्स क्लबबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा समूह ‘क’ बाटै आरआर एफसी र एफसी इन्टरनेटबीच प्रतिस्पर्धा हुनेछ ।

करिब ४ वर्षपछि सञ्चालन भएको जिल्ला लिगको प्रत्येक समूहको वरियताक्रमको आधारमा क्लबलाई ए, बी र सी डिभिजनमा छुट्याइने बताइएको छ। जिल्ला लिग फुटबल प्रतायोगिताको उपाधि विजेता टिमले असोज बागमती प्रदेश लिग फुटबल प्रतियोगितामा सहभागी हुन पाउने छ। लिगको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र र उपविजेता टिमले पचास हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिता आयोजनाका लागि करिब १२ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्य तथा मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामाको सभाध्यक्षामा प्रतियोगिताको उद्घाटन समारोह भएको थियो । प्रतियोगितामा २८ क्लबहरुको सहभागिता रहेको छ ।

# रजिष्ट्रार प्रसाई र संयोजक चुँडालको विदाई

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाई र संयोजक चिरञ्जीवी चुँडाललाई विदाई गरिएको छ । प्रतिष्ठानले शुक्रबार एक कार्यक्रमका बीच रजिष्ट्रार प्रसाई र संयोजक चुँडाललाई विदाई गरेको हो । प्रतिष्ठानमा ४ वर्ष कार्यकाल पूरा गर्नुभएका दुबैजनालाई विदाई गरिएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानकी लक्ष्मी पौडेलले बताउनुभयो ।

४ वर्षअघि तत्कालिन मुख्यमन्त्री डोरमणि पौडेलले २०७७ साल भदौ १५ गते रजिष्ट्रार प्रसाई र संयोजक चुँडाललाई एकै दिन नियुक्त गर्नुभएको थियो । प्रतिष्ठानका निमित्त उपकुलपति डा. सुरेन्द्र शेरचनको अध्यक्षतामा विदाई कार्यक्रम भएको हो। विदाई कार्यक्रममा प्रतिष्ठानकी डीन दुर्गा कुमारी खड्का मिश्र, हेटौंडा अस्पतालका निर्देशक डा. धिरेन्द्र गिरी, मेडिकल सुपरिडेन्टेन्ट डा. रामचन्द्र सापकोटा, अस्पताल व्यवस्थापन समितिका सदस्य र प्रतिष्ठानका विभाग प्रमुखहरुको उपस्थिति रहेको थियो । प्रतिष्ठानमा उपकुलपति, रजिष्ट्रार र संयोजकको पद रिक्त भएको छ । एक महिना अगाडि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राध्यापक डा. विश्वराज जोशीलाई विदाई गरिएको थियो ।

# विभिन्न घटनामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको चार जिल्लामा विभिन्न घटनामा परी चार जनाको मृत्यु भएको छ। बिहिबार चितवन, सिन्धुली, धादिङ र काभ्रेमा एक-एक गरी चार जनाको मृत्यु भएको बागमती प्रदेश प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ।

बिहिबार चितवनको कालिका नगरपालिका-१० स्थित पाईमराङमा चट्याङ लागेर एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ५० वर्षीय दिल बहादुर प्रजा रहेका छन्। बिहिबार दिउँसो ३ बजे चट्याङ लागेर प्रजाको घरमै मृत्यु भएको हो ।

यस्तै बिहिबार सिन्धुलीको कमलामाई नगरपालिका-६ मा एक महिलाको मृत्यु भएको छ। दुधौली नगरपालिका-३ स्थित झुंगा घर भई हाल कमलामाईमा डेरामा बस्दै आएकी ३५ वर्षीया जानुका माझी सुतेको अवस्थामा मृत भेटिएको हो । माझीलाई अचेत अवस्थामा देखेपछि तत्काल जिल्ला अस्पताल सिन्धुली लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

यस्तै धादिङको नेत्रावति डबजोङ गाउँपालिका-१ मा एक पुरुष मृत फेला परेका छन् । ५१ वर्षीय हरी बहादुर अधिकारी आफ्नै घर नजिकैको सडकमा मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ। मृतक अधिकारी १ महिनादेखि एक्लै घरमा बस्दै आएको बताइएको छ।

यस्तै काभ्रेको नमोबुद्ध नगरपालिका-६ मा एक बालिका मृत अवस्थामा भेटिएकी छिन् । १३ वर्षीया खुसी न्यौपाने मृत अवस्था भेटिएकी हुन् । न्यौपाने हराएको भन्ने खबर साँझ ५ बजे प्रहरी चौकी कटुन्जेवेशीमा प्राप्त हुनासाथ प्रहरी टोली र आफन्तहरुले खोजतलास गर्दै जाँदा डेढ घण्टापछि दाप्चा खोलाको दहमा मृत अवस्थामा फेला परेका प्रहरीले जनाएको छ।

# दलित समाजको अध्यक्ष पुनः सिलवाल

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय दलित समाज कल्याण संघ मकवानपुरको अध्यक्षमा पुनः राजकुमार सिलवाल चयन हुनुभएको छ। शुक्रबार हेटौंडा-१० स्थित अखण्ड हरिकीर्तन मन्दिरमा सम्पन्न दोस्रो अधिवेशनबाट सिलवाल पुनः सर्वसम्मत अध्यक्षमा चयन हुनुभएको हो ।

सिलवालको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति गठन भएको छ । समितिको उपाध्यक्षमा कृष्णहरि परियार, सचिवमा मालती बिक र कोषाध्यक्षमा रञ्जित रम्तेल चयन हुनुभएको छ । यस्तै सदस्यमा रामशरण विक, प्रशान्त सुनार, रविना विक, सरिना घतानी, कमला सुर्खेती, शारदा घतानी र प्रकृति परियार चयन हुनुभएको छ। नवनिर्वाचित कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ। अधिवेशनले तीन जना सल्लाहकारहरुमा जंग बहादुर विक, सुनिता दर्नाल र रुपक कालीराजलाई मनोनयन गरेको छ ।

अधिवेशनलाई सम्बोधन गर्नुहुँदै संघका केन्द्रीय उपाध्यक्ष मन बहादुर विकले सबै दलितहरु संगठित हुन आवश्यक रहेको बताउनुभएको छ। अझै पनि समाजमा केही दलितलाई विभेद गर्ने परम्पराको अन्त्य भइनसकेको भन्दै उहाँले सबै एकता हुन आवश्यक रहेको बताउनुभयो । राज्यमा भएका ठुला जनआन्दोलनमा दलित समुदायको पनि महत्वपुर्ण भुमिका रहेको भन्दै उहाँले राज्यले यस समुदायलाई उत्थान गर्न आवश्यक रहेको बताउनुभयो ।

यस्तै संघ बागमती प्रदेश समितिका उपाध्यक्ष जंग बहादुर विकले आर्थिक, सामाजिक र राजनैतीक रुपमा दलितको अवस्था हटाउन आवश्यक रहेको बताउनुभयो। अझै पनि यस समुदायलाई हेर्ने सोच परिवर्तन राज्यले दलित अवस्था हटाउनुपर्ने उहाँको भनाई छ ।

# राष्ट्रिय भेट्रान्सको खेल तालिका सार्वजनिक

समाज संवाददाता

हेटौंडाः यही भदौ २४ गतेबाट सुरु हुने तेस्रो संस्करणको रोटरी मकवानपुर पिप्ले क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको खेल तालिका सार्वजानिक भएको छ। रोटरी क्लब अफ मकवानपुरको आयोजना, पिप्ले युवा क्लबको सहआयोजना तथा हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा सुरु हुने प्रतियोगिताको उद्घाटन खेलमा नागस्वरी भेट्रान्स र चितवन भेट्रान्सबीच प्रतिस्पर्धा हुनेछ। हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगितामा १५ क्लबको सहभागिता रहेको छ।

प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख २ हजार २ सय २२ रुपैयाँ र उपविजेता टिमले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा सर्वोकृष्ट प्रशिक्षकले १० हजार रुपैयाँ, सर्वोकृष्ट खेलाडीले ५ हजार रुपैयाँ, सर्वोकृष्ट गोलरक्षक, डिफेन्स, मिडफिल्डर र फरवार्डले ५-५ हजार रुपैयाँ नगद राशि प्राप्त गर्नेछन्। प्रतियोगिताका लागि करिब १८ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगिताको फाइनल खेल भदौ ३१ गते हुनेछ। पहिलो र दोस्रो संस्करणको प्रतियोगिताको प्रथम पुरस्कार एक लाख रुपैयाँ र द्वितीय पुरस्कार ७५ हजार रुपैयाँ रहेकोमा यस वर्षबाट पुरस्कारको रकम बढाइएको हो। २०७२ सालको पहिलो संस्करण र २०७३ सालको प्रतियोगिताको उपाधि चितवन भेट्रान्सले जितेको थियो ।

# मकवानपुरमा वैष्णव परिषद्

समाज संवाददाता

हेटौंडाः निम्बार्क वैष्णव परिषद् मकवानपुरको तदर्थ समिति गठन भएको छ। हेटौंडा-८, कमानेस्थित राधाकृष्ण मन्दिरको सभाहलमा शुक्रबार भएको बैठकले जनार्दन दुलालको अध्यक्षतामा नौं सदस्यीय तदर्थ समिति गठन गरेको छ। समितिको उपाध्यक्षमा उमा ढुंगेल सचिवमा बालकृष्ण न्यौपाने र कोषाध्यक्षमा चैतन्य कृष्ण लामा चयन हुनुभएको छ। यस्तै सहसचिवमा रमा पोखरेल सदस्यमा कृष्णप्रसाद पौडेल, केशव दाहाल, नारायण प्रसाद निरौला, रमा घिमिरे चयन हुनुभएको छ। भेलाले कालिन्दी शर्मा घिमिरे र जिवराज बखेललाई सल्लाहकार चयन गरेको छ। भेलाले निम्बार्क बैष्णव द्वितीय राष्ट्रिय महासम्मेलनमा सहभागिता जनाउने पनि निर्णय गरेको छ। आगामी मंसिर ५ गतेदेखि ८ गतेसम्म देवघाटधाममा आयोजना गरिने चतुर्दिवसीय सम्मेलनमा सहभागिता जनाउने निर्णय भएको हो ।

# लायन्स तथा लियोको संयुक्त पदस्थापन हुँदै

समाज संवाददाता

हेटौँडाः लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपाल अन्तर्गत एरिया २ भित्रका लायन्स तथा लियो क्लबका नयाँ पदाधिकारीहरुको आज शनिबार संयुक्त पदस्थापन हुने भएको छ । पदस्थापन समारोहको पूर्वसन्ध्यामा शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै पदस्थापन समारोहका संयोजक विजय कार्कीले कार्यक्रमबारे जानकारी गराउनुभयो।

एरिया-२ अन्तर्गत मकवानपुरभित्रका क्लबहरुको लायन वर्ष २०२४/२५ का लागि पदस्थापना हुन लागेको हो । यसअघि एरिया-१ अन्तर्गत काठमाडौं र एरिया-३ अन्तर्गत पर्सा र बारामा पदस्थापना भइसकेको संयोजक कार्कीले बताउनुभयो । लायन्सले दृष्टि वातावरण, भोकमरी, बाल क्यान्सर, युवा, शिक्षा, महिला र बालबालिकाको क्षेत्रमा काम गरिरहेको उहाँले बताउनुभयो ।

यस्तै लायन्स एरिया-२ का चिफ किसन घिसिङले शनिबार मकवानपुर भित्रका ३२ वटा लाइन्स र १२ वटा लियो क्लबका पदाधिकारीको पदस्थापना हुने बताउनुभयो। शनिबार बागमती प्रदेशका प्रमुख दीपक प्रसाद देवकोटाको प्रमुख आतिथ्यमा पदस्थापना कार्यक्रम हुने उहाँले बताउनुभयो। कार्यक्रममा ३ लाख खर्च हुने अनुमान गरिएको उहाँले बताउनुभयो। पत्रकार सम्मेलनमा डिष्ट्रिक गर्भनर टासी डोल्मा तुम्बाहाम्फे र पूर्व गर्भनर शम्भु नकर्मी लगायतको उपस्थिति रहेको थियो ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ